**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालय**

**वन अनुसन्धान तथा सर्वेक्षण विभाग**

# छपाई सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

***प्रथम पटक प्रकाशित मिति २०७४।११।१८***

यस विभागलाई आवश्यक तपशिल बमोजिम छपाई सम्बन्धी स्थानिय तहको ७५३ स्थानको वन क्षेत्रको नक्सांकन पुस्तिका १००० प्रति र वनमा किट तथा रोग सम्बन्धी समस्याको जानकारीको Leaf-Let को छपाई गर्ने कार्य सम्पादन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धी कार्यका लागि इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुबाट उल्लेखित कागजात संलग्न राखी रु. १० को टिकट साथ रीतपुर्वक निवेदन पेश गरी देहाय बमोजिमको फाराम खरिद गर्न सकिनेछ । सो सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभागमा सम्पर्क राख्नु हुन साथै यस विभागको Website www.dfrs.gov.np मा हेर्नहुन समेत सूचित गरिन्छ ।

**तपशिल**

| सि.नं. | खरिद सम्बन्धी विवरण | खरिद विधि | फाराम दस्तुर | बोलपत्र जमानत रकम | फाराम खरिद गर्न सकिने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ००१ | छपाई सम्बन्धी | सिलवन्दी दरभाउपत्र | रु. १०००/- | ४३,५००/- | २०७४।१२।०२ अपरान्ह ४:०० बजे भित्र | २०७४।१२।०४ मध्यान्ह १२:०० बजे सम्म | २०७४।१२।०४ अपरान्ह २:०० बजे | |

**फाराम खरिद गर्न निवेदनसाथ आवश्यक कागजातहरु (नोटरी पब्लिकबाट प्रमाणित)**

- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आर्थिक वर्ष २०७३/०७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

**शर्तहरु:**

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनसम्ममा कार्यालय समयभित्र यस विभागको कार्यालय बबरमहलबाट रु. १०००।- (एक हजार मात्र) नगदै (पछि फिर्ता नहुने) गरी बुझाई खरिद गर्न सकिन्छ ।

२. दरभाउपत्र फाराम खरिद गर्न फर्मको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) लिएको र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको दर्ता प्रमाणपत्र आ.व. २०७३।०७४ को कर चुक्ता प्रमाण पत्रहरुको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपीहरु संलग्न गरी रु. १०।- को टिकट टाँसी निवेदन पेश गर्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिउँसो १२.०० बजेसम्ममा यस विभागमा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु सोही दिन अपरान्ह १४:०० बजे सम्बन्धित दरभाउपत्रदाताको प्रतिनिधिको रोहवरमा (उपस्थित नभएपनि) खोलिनेछ ।

४. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समय अनुसार नै हुनेछ ।

५. सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने निम्न लिखित कागजातहरु नोटरी पब्लिकद्वारा प्रमाणित गराई सिलवन्दी दरभाउपत्र साथ ( सिलवन्दी खाम भित्रै) पेश गर्नुपर्नेछ ।

   - फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
   - मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि
   - आर्थिक वर्ष २०७३/०७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
   - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) सँग सम्बन्धीत घोषणा पत्र ।

६. शिलवन्दी दरभाउपत्र साथ सिलवन्दी दरभाउपत्र जमानत वापत नगदै कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको नाममा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. २७-३२९-१७ मा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको नेपालस्थित कुनै वाणिज्य बैंकहरुबाट यस विभागको नाममा जारी भएको कम्तीमा ७५ दिनको बैंक ग्यारेन्टी समावेश हुनुपर्नेछ ।

७. छपाई गर्नुपर्ने ७५३ स्थानको वनक्षेत्रको नक्सांकन पुस्तिका र Leaf-Let तोकिएको ढाचा र नमुना अनुसार स्तरीय पेपरमा आकर्षक ढंगबाट छपाई गर्नु पर्ने हुँदा यस विभागको सूचना शाखामा सम्पर्क गरी नमुना र ढाँचा र पेपरको स्तर हेर्न सकिने छ ।

८. दरभाउपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभागमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

९. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहेको छ ।

१०. यस सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र अन्य सम्बन्धित कानून बमोजिम हुनेछ ।